# थिमि लायक्‌ू परिसर



मध्यपुर थिमि नगरपालिका वडा नं १२ मा रहेको थिमि लायक्‌ू परिसर थिमि बस्तीको मध्यभागमा अवस्थित छ । हाल यस परिसरमा आदर्श उच्च माध्यमिक विद्यालय संचालन भइरहेको छ भने एउटा भवनमा ***लायक्‌ू***को तलेजु रहेको छ । थिमिको मूल सडकमै रहेको यस परिसर भ्रण्डै ३.५ रोपनी क्षेत्रफलमा फैलिएको छ । हाल यस परिसरमा विद्यालय संचालनमा रहेको भए पनि यस परिसरको एउटा दक्षिणी छेउको एक भवनलाई तलेजुको रुपमा धार्मिक एवम् सांस्कृतिक क्रियाकलापहरु सम्पन्न गर्ने गरिएको छ ।

**क) ऐतिहासिक पृष्ठभूमि**

थिमि लायक्‌ूको स्थापना सम्बन्धमा कुनै प्रकारको जानकारीमूलक सामग्री हालसम्म फेला परेको छैन । स्थानीय बुढापाकाहरु यस लायक्‌ूको मुख्य भवन नौतले रहेको बताउँछन् यद्यपी जसको आधिकारिक पुष्ट्याईं गर्न बाँकी नै छैन । त्यसो त लायक्‌ू वरपर ढलनिर्माणको क्रममा जमिन खन्ने क्रममा भेटिएका पुरातात्विक महत्वका ईंटाहरुले यसको प्राचीनताबारे केहि संकेत गरेको छ । यसले लायक्‌ू परिसरमा उत्खनन् एवम् थप अनुसन्धानलाई औंल्याएको छ । लायक्‌ू प्रांगण बाहिर मूल सडकमा रहेको थिमिको एक मात्र शिखर शैलीको मन्दिर (ताहादेगः) इन्द्रसिंह दुवालद्धारा नेसं ७६९ मा निर्माण गर्न लगाएको तथ्य मन्दिरको शिलालेखमा अंकित छ ।

**ख) सांस्कृतिक महत्व**

थिमि लायक्‌ू स्थानीय संस्कृतिमा अत्यन्त महत्वपूर्ण स्थान राख्ने सम्पदा हो । यो स्थान थिमिको नगरदेवता बालकुमारीको बासस्थान पनि हो । जात्रा गरिने बालकुमारीको पाँच मूर्तिलाई यसै परिसरभित्र रहेको तलेजु भवनमा राख्ने गरिन्छ । भनिन्छ उक्त मूर्तिलाई जात्रा सकिए लगत्तै तलेजुको कुनै भित्ताभित्र राखेर माटोले टालिन्छ जुन स्थान पछि भित्ता टाल्ने व्यक्ति स्वयम्‌लाई समेत थाहा हुँदैन । तर जब बिस्का जात्रा नजिकिन्छ बालकुमारीको मूर्ति भएको स्थानको भित्ता चर्किन थाल्छ र त्यसैको आधारमा भित्ता फोरेर जात्राको लागि मूर्ति निकालिन्छ । यसैगरी बालकुमारीको चढाइएको ***तिसा*** (गरगहना) पनि यहि तलेजुभित्र भण्डारण गरिन्छ ।

दशैंको ***चालं*** (विजयादशमी) को भोलिपल्ट लायक्‌ूबाट ***खां*** (पायाः)[1] निकालिन्छ । लायक्‌ू सम्बद्ध विभिन्न थरका स्थानीय समुदायहरुको संलग्नतामा पायाः सम्पन्न हुन्छ । यसैगरी बिस्काजात्रामा पनि लायक्‌ूको भूमिका उत्तिकै गहन र निर्णायक हुन्छ । खतजात्रा प्रारम्भ हुनुभन्दा ८ दिन अघि लायक्‌ूमा बालकुमारीको तिसा निकाल्ने, पखाल्ने र सुकाउने कार्य हुन्छ भने जात्रा अवधिभर विभिन्न सांस्कृतिक क्रियाकलापहरु सम्पन्न गरिन्छ । बिस्काजात्राको पूर्वसन्ध्यामा थिमिका जेष्ठ नागरिकको घरबाट निकालिने मिखुमेय् यात्रा पनि लायक्‌ूका पदाधिकारीहरुको नेतृत्व र तजबिजमा सम्पन्न हुन्छ । यसबाहेक बिस्का जात्राको संचालन, व्यवस्थापन र नियमन लायक्‌ूबाट हुने गर्दछ । नगरदेवता बालकुमारी मू तिसा (मूल गहना) लायक्‌ूबाट निकालेर क्वलाखुटोल स्थित बालकुमारी मन्दिरमा प्रवेश गराएपछि औपचारिक रुपमा थिमि बिस्काजात्राको खतजात्रा प्रारम्भ हुन्छ भने बालकुमारीकै नेतृत्वमा बैशाख २ गते संचालन हुने खतजात्राको क्रममा बालकुमारी यस लायक्‌ू परिसरमा प्रवेश गरेपश्चात् औपचारिक रुपमा उक्त वर्षको थिमिको बिस्काजात्रा सम्पन्न भएको मानिन्छ । यसक्रममा बालकुमारी लायक्‌ू प्रवेश गरे लगत्तै अन्य खतलाई पनि लायक्‌ू प्रवेश गराइन्छ र बालकुमारीलगायत अन्य खतहरु यहाँ विसर्जन गरेर केहि

---

[1] युद्धकालिन हतियार, ढाल, पोशाक लगाएर युद्धको झल्को दिने गरी निकालिने नाच प्रकृतिको प्रदर्शनीलाई स्थानीय भाषामा खां पिहाँवइगु भनिन्छ । यसलाई पायाः पनि भनिन्छ ।

समय रमाइलो गरिन्छ । अन्तमा बालकुमारी यहि विसर्जन गरिन्छ भने अन्य खत बालकुमारीको खत परिक्रमा गरि आफ्नो टोल, स्थानमा फर्किन्छ ।

यसैगरी चैत्र मसान्तको बेलुका स्थानीय सिद्धिकाली मन्दिर अघि गुँसि छवयेकेगु गर्न आवश्यक दाउरा लायकूबाटै प्रदान गरिन्छ भने यसै राति बालकुमारीलाई यहाँबाट निकालेर बाजागाजा सहित क्वलाखुस्थित मन्दिरमा लगी प्रदर्शनीमा राखिन्छ । थिमि लायकूको मूलद्धार पश्चिमाभिमुख छ। यस मूलद्धार अघिल्तिर रहेको पिखालखुमा प्रत्येक वर्ष बिस्काजात्राको पूर्वसंन्ध्यामा नगदेशको तर्फबाट स्थानीय सिद्धिगणेश द्यःगुथिका पदाधिकारीहरु आई गुँसि छवयेगु कार्य सम्पन्न गरिन्छ ।

सामान्यतयाः ***लायकू*** भन्नाले दरबार भन्ने बुझिए पनि प्राचीन समयमा यो एउटा थिमि र यसको वरपरका विभिन्न स्थानसमेतलाई हेर्ने भक्तपुर राज्य अन्तर्गतको ठूलो प्रशासनिक इकाइको रुपमा रहेको बुझिन्छ। यसका कारण कुनै पनि महत्वपूर्ण साँस्कृतिक क्रियाकलापहरु जस्तै भैरव नाच संचालन गर्ने, पुलुकिसि चढ्ने, जिब्रो छेड्ने जस्ता कार्यको लागि लायकू गएर त्यहाँका ***पःमां*** (प्रधान वा मूख्य प्रशासक) बाट अनुमति लिनुपर्ने परम्परा रहेको छ ।

**ग) कलात्मक महत्व**

साँस्कृतिक पक्षको तुलनामा लायकूको कलात्मक पक्ष आजको अवस्थामा त्यति सशक्त छैन । बिसं २०२१ सालदेखि विद्यालय परिसरको रुपमा विकास गरिँदै आएको यसका अधिकांश भागहरु आधुनिक शैलीमा निर्माण भईसकेका छन् । यद्यपि परिसरको दक्षिणी खण्डको मध्यभागमा अवस्थित एक भवनको कलात्मकताले लायकूलाई सौन्दर्ययुक्त बनाएको छ । यसलाई थिमिको तलेजु एवम् बालकुमारीको द्यःछेँ पनि भनिन्छ । दुईतले उक्त तलेजु भवनको ***छेलि*** (भुईंतला) तलामा तीनवटा ढोका रहेको छ । जसमध्ये बीचको ढोकाभित्र तलेजु रहेको छ भने अन्य ढोका माथिल्लो तलामा जान प्रयोग गरिन्छ। यी ढोकाहरुको बीचमा ***छपाभ्याः*** राखिएको छ। बीचको ढोका माथि तुलं राखिएको छ जसको बीचमा मयूरको मूर्ति कुँदेको छ । यसबाट यस भवन बालकुमारीको द्यःछेँ रहेको प्रष्ट छ । यसैगरी तीनैवटा ढोकाको दायाँबायाँ ***बर्ज*** (मौलिक विधिबाट तयार गरिएको मसलाको प्रयोग गरेर लगाएको प्लाष्टर) पूर्णकलश र दृष्टिको चित्र कोरिएको छ भने ढोकाको माथितिर अष्टमंगलको चित्र कोरेको छ। मातं तलाको बीचमा पाँचमुखी ***संझ्याः*** रहेको छ भने यसको दुईतिर ***तिकिझ्याः*** राखिएको छ। यसको छाना झिंगटीले छाएको छ। केही वर्ष अघि मात्र नगरपालिका, पुरातत्व विभाग, जिटिजेड यूडिएलई र स्थानीय सहयोगबाट यसको पुनःनिर्माण गरिएको छ। हालैमात्र नगरपालिकाले यस भवनको चोक वरपरको भवनलाई पुरानै शैलीमा निर्माण गरिएको छ ।

यस चोकको दक्षिण पश्चिमी कुनामा इनार बनाइएको छ। यसैगरी उत्तर पूर्वी कुनातिर खां म्ये बाँध्ने ४ फिट जति अग्लो काठको खम्बा गाढेको छ भने ***जःहु*** (जलहरी) एवम् पानी घडी भने संरक्षणको पर्खाइमा रहेको बुझ्न कठिन छैन ।

***लायकू*** परिसर प्रवेश गर्ने मूलद्धार आकर्षक भएपनि यसको प्राचीन शैली बिग्रिसकेको बताइन्छ । करीब ५ फिट चौडा १२ फिट अग्लो उक्त द्धारको दायाँबायाँ एवम् भित्रबाहिर एक कवलको पाटी बनाइएको छ। मूल सडकपट्टिको पाटीको भित्तामा जमदूत र सिमदूतको पानी चित्र कोरिएको छ । लायकू मूलद्धारको ठिक अघिल्तिर बाटैमा एउटा खाल्डो छ जहाँ हरेक वर्ष बिस्काजात्राको पूर्वसंध्या चैत्रको मसान्तको साँझ नगदेशवासीको तर्फबाट गुँसि छवयेगु प्रचलन यद्यावधिक छ। यसको नजिकै वा मूलद्धारबाट थोरै फिटको दूरीमा दक्षिणतिर बाटोको करिब करिब बीच पारेर स्वेतभैरव स्थापना गरिएको छ। भनिन्छ यसै भैरवलाई आधार मानेर थिमिको पुरानो बस्तीलाई विभाजन गरिएको छ । जस अनुसार यहाँबाट दक्षिणतिरको भागलाई क्वथु अर्थात् तल्लो र यसबाट उत्तरको भागलाई थंथु अर्थात् माथिल्लो भाग पर्दछ भने यसलाई केन्द्र मानी यो भैरव भएको टोललाई दथु वा बीचको भागको रुपमा विभाजन गरिएको छ ।

लायकूको मूलद्धारबाट करिब २० मिटर उत्तर तिर बाटोको छेउ पारेर थिमि कै एक मात्र ताहा वा शिखर शैलीको मन्दिर स्थापना गरिएको छ । उमाशंकर भगवानको स्थापना गरिएको यस मन्दिरको कलात्मक पक्ष निकै आकर्षक छ । त्यसैगरी यस मन्दिरको उत्तरमा मोहन बिनायकको एक छाने मन्दिर रहेको छ । थिमिको बिस्काजात्रामा यस बिनायकको पनि जात्रा गरिन्छ यद्यपी केहि वर्ष देखि यसको जात्रा रोकिएको छ ।